# सयपत्री सहकारीको १४ औं वार्षिकोत्सवमा खुल्ला रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

सयपत्री बचत तथा ऋण सहकारी संस्थाले १४ औं वार्षिकोत्सव मनाएको छ।

सहकारीले सामाजिक उत्तरदायित्व अन्तर्गतको १० औं खुल्ला रक्तदान आयोजना गर्दै वार्षिकोत्सव मनाएको हो। पहिलो रक्तदाता सूर्यप्रसाद घिमिरेलाई ब्लड ब्याग हस्तान्तरण गर्दै भूमी, कृषि तथा सहकारी मन्त्रालय सहकारी रजिष्टारको कार्यालय गण्डकी प्रदेशका सूचना अधिकारी चोलाकान्त वाग्लेले सहकारीलाई राम्रो र हाम्रो बनाउने हो भने वित्तीय सूचांक मासिकरुपमा नियाल्न सेयर सदस्यलाई आग्रह गरेका छन्। सहकारीका उपाध्यक्ष धर्मप्रसाद बास्तोलाको अध्यक्षतामा भएको सभामा रजिष्टार कार्यालयका अधिकृत वाग्लेले थोपा थोपा रगतको महत्व भएजस्तै सवै सेयर सदस्यको दायित्वलेमात्र सहकारी सक्षमरुपमा सञ्चालन हुने बताए।



बजारमा सहकारीको नकारात्मक प्रचार भइरहेको स्मरण गर्दै समुदायको उन्नति र प्रगतिको साथी भनेको सहकारी बन्न सक्नु पर्नेमा जोड दिए। नाफा भन्दा पनि सेवामा जोड दिन सयपत्री सहकारीलाई आग्रह गर्दै कर्मचारीको भरमा विश्वास नगर्न आग्रह गर्दै वित्तीय अवस्थाको जानकारी महिनामा एक पटक आफै आएर नियाल्न अनुरोध गरे। कार्यक्रममा पोखरा ११ का अध्यक्ष प्रेमप्रसाद कार्माचार्यले ७ सिद्धान्तको आधारमा सञ्चालन हुने सहकारीले कर्मचारी, सञ्चालक समिति र सेयर सदस्यबीच मैत्री भावलेमात्र सहकारी अघि बढ्ने बताए। सहकारीको विरुद्ध हामीजस्तै नागरिकहरु सडकमा उत्रेको अवस्थामा लगानीदेखि कलेक्सनसम्ममा ध्यान दिन अनुरोध गरे। ५३ जना रक्तदाताले रगत दान गरेको कार्यक्रममा सयपत्री सहकारीका सल्लाहकार माधवप्रसाद बास्तोला (मधु), जिल्ला सहकारी संघका अध्यक्ष सावित्रा कोइराला, सयपत्री सहकारीका पूर्व अध्यक्ष विश्वराज बास्तोला लगायतले बोलेका थिए। सयपत्री सहकारीको वित्तीय अवस्था जानकारी दिँदै व्यवस्थापक विकास सुवेदीले १६ करोड ६५ लाख ४२ हजार १ सय रुपैयाँ सेयर पुँजी रहेको जानकारी दिए। उनले कुल निक्षेप १ अर्व ४८ करोड ८७ लाख २३ हजार २ सय २० रुपैयाँ रहेको बताए। व्यवस्थापक सुवेदीले १ अर्व ५९ करोड ९१ लाख ९ हजार १ सय ९२ रुपैयाँ कर्जा लगानी रहेको उल्लेख गरे। सयपत्री सहकारीमा २४ करोड ८९ लाख ८० हजार १९ रुपैयाँ तरलता रहेको भन्दै जम्मा १७ प्रतिशत तरलता रहेको बताए। १ अर्व ९९ करोड ३८ लाख ५२ हजार ८ सय ९२ रुपैयाँ कुल सम्पती सयपत्री सहकारीमा रहेको जानकारी दिए। सहकारीका सचिव वसन्तराज कोइरालाले सञ्चालन गरेको सभामा कार्यक्रम संयोजक जनार्दन बास्तोलाले स्वागत गरेका थिए भने सहकारीका ७ सिद्धान्त शिक्षा उपसमितिका सदस्य डिल्लीराम तिवारीले बाचन गरेका थिए। समाज र समुदायलाई जोड्ने सहकारीको संरक्षणमा सवैले हातेमालो गर्नु पर्ने समय आएको बताईएको थियो। कार्यक्रममा ३ वटै तहको नीति र नियम पालना गर्न सहकारीलाई आग्रह गरिएको थियो। सयपत्री सहकारीले आगामी भदौ ९ गते वार्षिक साधारण सभाको आयोजना गरेको सहकारीका सदस्य शान्तिदेवी गुरुङले जानकारी दिइन्।




आँखा अस्पतालमा बिरामीको भीड : कास्कीको पोखरा महानगरपालिका-१७ घारीपाटन स्थित हिमालय आँखा अस्पतालमा बिरामीको भीड। भारइल इन्फेक्सन र ब्याक्टेरियाको कारण आँखा पाक्ने रोगको सङ्क्रमण बढेसँगै अस्पतालमा विरामीको चाप बढेको छ। तस्बिरः हरिप्रसाद बास्तोला

# आयोगको निर्णय कार्यान्वयन नगर्न आदेश

**रासस**
काठमाडौं, १९ साउन

सर्वोच्च अदालतले तोकिएको समयमा निर्वाचन खर्चको विवरण निर्वाचन आयोगमा नबुझाउने उम्मेदवारलाई रु १५ हजार जरिवाना तिर्नुपर्ने आयोगको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको इजलासले आज निर्वाचन उक्त जरिवाना लिने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो। मोरङ जिल्लाका प्रनिनिधिसभा सदस्य विनोदमणि भट्टराईले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि अदालतले उक्त आदेश गरेको हो। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रिट निवेदक भट्टराई हाम्रो नेपाल पार्टीका तर्फबाट मोरङ-२ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार दिनुभएको थियो। निर्वाचन सकिएपछि आफूले प्रदेश निर्वाचन कार्यालय, प्रदेश नम्बर १ (हाल कोशी प्रदेश), मोरङ, विराटनगरमा निर्वाचन खर्चको विवरण पेस गरेको रिट निवेदनका उल्लेख थियो। आफूले खर्च विवरण सार्वजनिक गरेकोबारे जानकारी नदिएको उल्लेख गर्दै आयोगले निजलाई रु १५ हजार जरिवाना तोकेको थियो। निर्वाचन आयोगको उक्त निर्णयविरुद्ध भट्टराईले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो।

# मगर समुदायलाई कानूनी सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

नेपाल मगर संघ पोखरा महानगर समितिले मगर समुदायलाई कानूनी परामर्श तथा सचेतना कार्यक्रम गर्ने भएको छ।

साउन २० गते नेपाल मगर संघ कास्कीको सभा हलमा मगर समुदायलाई कानूनी सचेतनामूलक कार्यक्रम आयोजना गरिएको नेपाल मगर संघ महानगर समितिले जनाएको छ। कार्यक्रममा नेपाल मगर संघ कास्कीका ४२ इकाइ समितिबाट करिब १ सय जनाको सहभागी हुने छन्। मगर संघ महानगर समिति पोखराका अध्यक्ष ओम श्रीस मगरले नेपाल मगर संघ अन्तर्गतका हरेक इकाइ समिति, भातृ संगठनबाट कार्यक्रममा सहभागी हुने जनाए। 'मगर समुदायले कानूनी पाटोबारे जानकार नहुँदा। धेरै ठाउँमा गल्ती नहुँदा पनि फस्नु परेको छ। त्यसको विरूद्धमा सचेतना जगाउन कार्यक्रमको आयोजना गरेका हौं,' उनले भने।

आर्थिक कारोबारमा कानूनी पाटो नजान्दा ठगीनु परेकाले सचेत हुन कानूनी प्रक्रिया बुझ्नका लागि कार्यक्रममा सहभागी हुनका लागि सबैलाई उपस्थितिका लागि पनि उनले आग्रह गरेका छन्। अधिवक्ता मनोज घर्ती मगरले सहभागीलाई कानूनी ज्ञान दिने छन्। कार्यक्रम बिहान ११ बजेदेखि मगर संघको कार्यालयमा हुनेछ।

# पोखरामा निशुल्क दन्त शिविर हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

पोखरामा निशुल्क दन्त शिविर हुने भएको छ। वेष्ट भ्याली डेन्टल क्लिनिक र अभियान युवा क्लबको संयुक्त आयोजनामा पोखरा ५ जिरो किमी शिविर हुन लागेको हो।

नियमित दाँतको चेकअप आवश्यक रहेको भन्दै निशुल्क दन्त शिविर राखिएको आयोजकले जनाएको छ। नियमित दाँत परिक्षणले दाँत सड्न, किरा लाग्न, गिजाको समस्या र मुखको क्यान्सरलाई प्रारम्भिक चरणमा पहिचान गर्न मद्दत गर्ने डेन्टल सर्जन सम्झना गौतमले बताइन्। साथै मानिसलाई दाँत/मुख सम्वन्धि समस्याबाट हुने दुखाईबाट बच्न र उपचारमा लाग्ने खर्चबाट जोगिन पनि नियमित चेकजाँज आवश्यक रहेको उनको भनाई छ। 'मुख भनेको शरीरको ऐना हो। स्वस्थ शरीरको लागि स्वस्थ मुख हुन आवश्यक छ। नियमित दन्त परिक्षणले तपाईको मुख स्वास्थ्यमा केही समस्या छ, छैन भन्ने पत्ता लगाउन मद्दत गर्छ र भविश्यमा त्यस्ता समस्या आउन सक्ने वा आइसकेमा तिनीहरुको उचित उपचारमा मद्दत मिल्छ। नियमित दन्त चेकजाँज गरौं, यसले तपाईलाई स्वस्थ पनि राख्छ भविश्यमा हुने ठुलो खर्च रकमलाई पनि जोगाउँछ।' गौतमले भनिन्। शिविरमा विशेषज्ञबाट निशुल्क परामर्श पनि लिन सकिने हुँदा सेवाको लाभ लिन वेष्ट भ्याली डेन्टल क्लिनिककी प्रमुख कार्यकारी अधिकृत सुभा कोइराला वाग्ले आग्रह गरिन्। दन्त विशेषज्ञको प्रत्यक्ष निगहरानीमा शिविर सञ्चालन हुने समेत वाग्लेले जानकारी दिइन्। रोग लागेर पछि पछुताउनु भन्दा रोग लाग्नै नदिनु उत्तम उपाय भएकाले बेलैमा आफ्नो स्वस्थ्य चेकजाँज गर्नुपर्ने अभियान युवा क्लबका अध्यक्ष राजु गिरीले बताए।

दाँतको समस्या भएकालाई विशेष अनुरोध गर्दै समस्या नै नभएकालाई पनि सामान्य चेकजाँच र विशेषज्ञको सल्लाहका लागि शिविरमा सहभागि हुन क्लबका अध्यक्ष गिरीले आग्रह गरे। वेष्ट भ्याली क्लिनिकले दाँत, छाला तथा कपाल प्रत्यारोपणका सेवा दिँदै आइरहेको छभने अभियान युवा क्लब विगत १७ वर्षदेखि सामाजिक क्रियाकलापमा सक्रियरुपमा काम गर्दै आएको संस्था हो। शिविर जिरो किमीचोक देखि २०० मिटर उत्तरतर्फ वेष्ट भ्याली डेन्टल क्लिनिकको प्राङ्गणमा बिहान ७ बजेदेखि १० बजेसम्म हुने आयोजकले जनाएको छ।

# राष्ट्रिय...

आयाम सैनिक शक्तिलाई मात्रै आधार बनाई बुझ्ने परम्परागत दृष्टिकोणबाट व्यापक र फराकिलो भइसकेको परिप्रेक्षमा यसले राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यावरणीय एवं मानवीय पक्षलगायतलाई पनि सम्बोधन गर्नु उत्तिकै आवश्यक छ।

यी विषयवस्तुलाई पनि तालिममार्फत तपाईंहरूले ग्रहण गर्नुहुनेमा विश्वास छ', उहाँले भन्नुभयो। विश्व परिवेशमा देखा परेका विभिन्न घटनाक्रमका कारण अन्तर्राष्ट्रिय सुरक्षा वातावरणमा आइरहेको परिवर्तन, सूचना एवं प्रविधिको तीव्रगतिमा भइरहेको विकासक्रमका साथै राष्ट्रियरूपमा राजनीतिक, सामाजिक, सांस्कृतिक एवं आर्थिक क्षेत्रमा देखिएका परिवर्तनले राष्ट्रिय सुरक्षामा प्रत्यक्ष प्रभाव पारिरहेको उहाँको भनाइ थियो। उहाँले प्रत्येक राष्ट्रले आ-आफ्नो मूल्यमान्यता र मूल नीतिमा आधारित रहेर राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउने प्रयासरत रहेको उल्लेख गर्नुभयो। सो अवसरमा उपप्रधानमन्त्री खड्काले सैनिक कमाण्ड तथा स्टाफ कलेजलाई स्रोत र साधनको व्यवस्था गरी सर्वोत्कृष्ट शिक्षालयका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। तालिमरत शिक्षार्थी अधिकृतलाई सम्बोधन गर्दै कलेजलाई 'सेन्टर फर एक्सिलेन्स' बनाउने सन्दर्भमा रक्षा मन्त्रालय सदैव सकरात्मक रहेको उल्लेख गर्नुभयो।

उहाँले उच्चस्तरीय तालिम सञ्चालनका लागि राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनमा नआउँदासम्म यहाँ सञ्चालन गरिने तालिमले नै राष्ट्रिय सुरक्षामा टेवा पुग्नेमा विश्वास व्यक्त गर्नुभयो। 'राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति तथा कूटनीति, राजनीतिक अर्थशास्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति सेनासम्बन्धी विषय, राष्ट्रिय सुरक्षामा विभिन्न सरकारी तथा गैरसरकारी निकायबीचको समन्वयसम्बन्धी विषय, परम्परागत र आधुनिक, सैद्धान्तिक एवं व्यावहारिक शिक्षा दिँदै आइरहेको यस कलेजलाई भविष्यमा उत्कृष्ट शिक्षालय बनाउन रक्षा मन्त्रालयको सदैव सकारात्मक सहयोग रहनेछ', उहाँले भन्नुभयो।

उहाँले तालिमको महत्वलाई राम्रोसँग अङ्गीकार गर्न तालिमरत शिक्षार्थी समक्ष आग्रह गर्नुभयो। 'तपाईंहरू भविष्यमा नेपाली सेनाको नेतृत्व तहमा पुग्नुहुनेछ, तसर्थ भविष्यमा तपाईंलाई प्राप्त हुने जुनसुकै जिम्मेवारी बहन गर्ने क्रममा यस तालिमको महत्त्वलाई राम्रोसँग अङ्गीकार गर्नुहुनेछ भन्नेमा विश्वस्त छु', उहाँले भन्नुभयो।


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# म्याग्दीमा आलु उत्पादन बढ्यो

रासस
म्याग्दी, १९ साउन

म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज आलुको उत्पादन यस वर्ष बढेको छ । गत वर्षको तुलनामा छ दशमलव ३६ प्रतिशतले आलुको उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रका बाली संरक्षण अधिकृत सञ्जिव बास्तोलाले यस वर्ष जिल्लाभर एक हजार छ सय ५० हेक्टर जमिनमा आलु खेती भएकामा २५ हजार चार सय १० मेट्रिकटन उत्पादन भएको जानकारी दिनुभयो । "अघिल्लो वर्ष एक हजार एक सय ४५ हेक्टर जमिनमा आलु खेती भएकामा २३ हजार सात सय ९३ मेट्रिकटन उत्पादन भएको थियो", उहाँले भन्नुभयो, "क्षेत्रफल विस्तारसँगै आलुको उत्पादन पनि बढेको हो ।"

स्थानीय तहहरूले आलु खेतीको पकेट क्षेत्र, कृषि ज्ञान केन्द्रले ब्लक र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आलु जोन कार्यक्रममार्फत आलु खेती विस्तार गरेका छन् । कृषि ज्ञान केन्द्रमार्फत पाँच सय रोपनी जमिनमा आलु खेतीको कार्यक्रम सञ्चालन गरिएको थियो ।

खेती गर्ने र भित्र्याउने समयमा अनुकूल मौसम र रोग किराको समस्या नभएकाले पनि आलुको उत्पादन गत वर्षको तुलनामा बढेको अन्नपूर्ण गाउँपालिका-८ राम्चेका कृषक फासबहादुर पुर्जाले बताउनुभयो । "अघिल्लो वर्ष ऐजुरु रोगले आलुको बोट र दानामा असर गरेकाले उत्पादन आधाले घटेको थियो", उहाँले भन्नुभयो, "नयाँ बीउ लगाइएको हुँदा यसपालि आलु राम्रो फलेको छ ।" उहाँले एउटै दाना एक किलो बराबर तौल भएको आलु उत्पादन भएको जानकारी दिनुभयो । म्याग्दीको तल्लो क्षेत्रमा हिउँदे र उच्च पहाडी लेकाली क्षेत्रमा बर्खे आलु खेती हुन्छ ।

अन्नपूर्ण गाउँपालिको शिख, घार, राम्चे, हिस्तान, रघुगङ्गाको पाखापानी, ठाडाखानी, चिमखोला, कुइनेमङ्गले, कुइनेमङ्गलाको हिँदी, झँक्रीपानी, किमचौर, टोड्के, मालिकाको बिम, दिच्याम, धौलागिरिको गुर्जा, मरेनी, बेनीको भकिम्ली, डडुवा, आलु उत्पादन हुने ठाउँ हुन् । नागी राम्चेबाट वार्षिक रु दुई करोड मूल्य बराबरको आलु निकासी हुने गरेको छ । उच्च पहाडी क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु पोखरा, काठमाडौँलगायत बजार क्षेत्रमा निकासी हुँदै आएको छ । जिल्लाबाट वार्षिक रु छ करोडभन्दा बढी मूल्यको आलु निकासी हुने केन्द्रको तथ्याङ्क छ ।

उत्पादितमध्ये ७० प्रतिशत अथवा एक हजार मेट्रिकटनभन्दा बढी आलु निकासी हुने गरेको हो । प्रतिकेजी रु ५० देखि रु एक सयसम्ममा कृषकले आलु बेच्ने गरेका छन् । व्यापारीले अग्रिम पेस्की दिएर बारीमा नखन्दै आलु खरिद गर्छन् । जिल्लामा हाल स्थानीय सेतो, रातो जातको आलु, निलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुने गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रघुगङ्गा गाउँपालिकाको ६, ७ र ८ र अन्नपूर्ण गाउँपालिकाको ५, ६, ७ र ८ नम्बर वडामा गत आर्थिक वर्षदेखि व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रम सञ्चालन गरेको छ । कृषि ज्ञान केन्द्रमार्फत यसअघि रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गले र मङ्गलाको ३, ४ र ५ नम्बर वडामा आलुको व्यावसायिक उत्पादन केन्द्र सञ्चालन भएको थियो । मालिका गाउँपालिकाको ६ दिच्याम र ७ बिमलाई आलु ब्लक कार्यक्रममा समावेश गरिएको छ ।

# युट्युबमा छाउन थाले तीज गीत

रासस
गण्डकी, १९ साउन

मलमासले धकेलिएर तीज असोजमा पुगेको छ । युट्युबमा छाइरहेका तीज गीतले भने तीज पर्व दैलोमा आएको आभास दिलाउँछ । तीज आउन अझै डेढ महिना बाँकी छ तर तीज गीतले युट्युबमा प्रवेश पाएको भने गत असारदेखि नै हो ।

अनेक विषय, भाव र बान्कीका तीज गीतले पर्वमय माहोलको छनक दिएका छन् । अधिक गीतमा प्रेम र सौन्दर्यको चर्चा छ । कतै श्रीमान-श्रीमती त कहीँ प्रेमी-प्रेमिकाबीचको मायावी संवाद गीतमा सुन्न पाइन्छ । यस्तै एउटा गीतमा श्रीमान र श्रीमतिको संवाद समावेश छ ।

श्रीमान भन्छन्-
'चौधरी हैन, अम्बानी हैन
तैपनि मनमा पिर चिन्ता छैन
हे नाच्ने हो गाउने हो
कमाउने नि हो, रमाउने नि हो...'

श्रीमती जवाफ फर्काउँछिन्-
'थिएन हिजो लाइएन राम्रो
आज त छुट्टै इज्जत छ हाम्रो
हे नाच्ने गाउने हो
कमाउने नि हो, रमाउने नि हो...'

गत असार २७ मा सार्वजनिक गायक खेम सेन्चुरी र सुनिता बुढा क्षेत्रीद्वारा स्वरबद्ध तीज गीत 'कमाउने नि हो, रमाउने नि हो'ले हालसम्म युट्युबमा ६९ लाख बढी 'भ्युज' पाएको छ । 'शुभारम्भ डिजिटल म्युजिक' युट्युब च्यानलबाट सार्वजनिक उक्त गीतमाथि दुई हजार पाँच सय बढीले टिप्पणी गरेका छन् । नेत्र अर्यालको शब्द रहेको उक्त गीतमा गायक सेन्चुरीले नै सङ्गीत दिनुभएको छ ।

गीतको 'म्युजिक भिडियो'मा कलाकार प्रकाश सपुत र जुना विश्वकर्माको अभिनय देख्न सकिन्छ । गीत चर्चित गायक/सर्जक पशुपति शर्माको गीत 'झुक्याउन पाइँदैन'को म्युजिक भिडियो एकै दिनमा एक लाख ५० हजारभन्दा बढी पटक हेरिएको छ । बिहीबार सार्वजनिक उक्त गीतमा गायक शर्मा र गायिका निशा केसीको स्वर छ । शब्द र सङ्गीत शर्मा आफैँले दिनुभएको छ । गीतको अभियन र नृत्यमा शर्मालाई कलाकार अञ्जली अधिकारीले साथ दिनुभएको छ ।

गीतमा प्रेमी गुनासो गर्छन्-
'मुटु माग्यो मुटु दिएँ
कलेजी माग्यो कलेजी दिएँ
हे तर खुसी हुँदैनौ कि माया अन्तै छ र
चाहिँदैन मलाई नक्कली माया चाहिँदैन
हो भने हो भन नत्र झुक्काउन पाइँदैन...'

प्रेमिकाले भन्छिन्-
'बाबाआमा टाढा भए
जेजे भन्यौ त्यत्यै सहेँ
हे तर खुसी हुँदैनौ कि माया अन्तै छ र
चाहिँदैन मलाई नक्कली मायाँ चाहिँदैन
हो भने हो भन नत्र
झुक्काउन पाइँदैन...'

मन छुने भाका, शब्द र सुरिलो गायकीले तीज गीतलाई सरल र श्रतिमय बनाएको पाइन्छ । लोकगायक विष्णु खत्रीले पनि बिहीबार नै तीज गीत सार्वजनिक गर्नुभएको छ । उहाँको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गीत 'तीज आयो'ले हालसम्म ६५ हजार बढी 'भ्युज' बटुलेको छ । खत्रीको गीतमा पनि श्रीमान-श्रीमतीबीचको गन्थन छ ।

श्रीमती-
'असाध्यै राम्री देखिन्छेस्
भन्छन् साडीमा मलाई त
निस्कन मन लाग्दैन कते
साडी नै नलाई त
तीज आयो तीज
यसपालि मलाई फूलबुट्टे
साडी किन्दिउन है प्लिज...'

श्रीमान् -
'पहिरनले पनि नारीलाई
भन्नै सुन्दर बनाउँछ
तिमीले लाउने लुगाले
मेरो स्तर जनाउँछ
तीज आयो तीज
कुन चाहिँ साडी किन्दिउँ त
तिम्लाई हडकङ कि जापनिज...'

यी त प्रतिनिधि तीज गीत हुन् । तीज पर्व नजिकिँदै जाँदा दैनिकजसो युट्युबाट तीज गीत सार्वजनिक भइरहेका छन् । तीजको याम सुरु भएपछि कलाकारले अरू विधाका गीतलाई थाती राख्छन् । तीज गीतले सधैँ चलिरहने लोकदोहोरीलाई पनि ओभेलमा पारिदिन्छ । बर्सेनि तीज आउँदा यस्ता गीत निकाल्ने लहरै चल्छ ।

पर्व गीतको उपमा पाएको तीज गीतलाई कलाकारले त्यसको मूल प्रवृत्तिबाट विमुख पारेको भन्दै चिन्ता पनि व्यक्त हुँदै आएको छ । पहिलेका तीज गीत घटनाप्रद, युग सुहाउँदो, चेतना जागृत गर्ने र समसामयिक विषयवस्तुमा केन्द्रित हुन्थे । खासगरी महिलाले तीज गीतलाई वर्षभरिका दुःख, पीरवेदना र चोट सार्वजनिक गर्ने माध्यम बनाउँथे । महिला मुक्तिको आवाज पनि तीज गीतमा उठ्थ्यो ।अहिलेका तीज गीतमा भने मायाप्रेमको मुद्दा बढी मुखरित भएको पाइन्छ । विपरीत लिङ्गीबीचको संवेदना, प्रेम र रोमान्सलाई समेत तीज गीतमा उठान गरिएको पाइन्छ । तीज गीतमा पनि पुरुष कलाकारकै वर्चस्व देखिन थालेको छ । तीज गीतको सौन्दर्य नासिँदै गएकामा कला मर्मज्ञ पनि चिन्तित छन् ।

कलाकार भने आधुनिक समाज विकाससँगै मानवीय अभिरुचि र प्रविधिमा आएको फड्कोलाई स्वीकारेर अगाडि बढ्नुको विकल्प नभएको टिप्पणी गर्छन् ।

क्यासेट र सिडीको जमना गएपछि कलाकार अहिले युट्युबकै भरमा छन् । 'भ्युज', 'लाइक' र 'कमेन्ट'का आधारमा सर्जक/कलाकारलाई युट्युबले पैसा दिन्छ ।

# ज्ञानेन्द्र मल्लद्वारा अन्तर्राष्ट्रिय खेल जीवनबाट सन्न्यास

रासस
काठमाडौं, १९ साउन

राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिनुभएको छ ।

सन् २००६ को एकदिवसीय खेलबाट डेब्यु गर्नुभएका उहाँले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट आफूले सन्न्यास लिएको घोषणा गर्नुभएको हो । उहाँले यससँगै घरेलु प्रतियोगितामा पनि नखेल्ने बताउनुभएको छ ।

पूर्वकप्तान मल्लले राष्ट्रिय टोलीमा आफूले शतप्रतिशत दिन नसकेकाले टिमबाट राजीनामा दिने निर्णय गरेको बताउनुभयो । उहाँले क्रिकेट नखेले पनि आगामी दिनमा क्रिकेट क्षेत्रमै रहेर काम गर्न इच्छुक भएको उल्लेख गर्नुभयो । करिब १८ वर्षसम्म चन्द्रसूर्य अङ्कित जर्सी लगाएर देशको प्रतिनिधित्व गर्ने अवसर पाएकोमा मल्लले खुसी व्यक्त गर्दै आफ्ना परिवार र समर्थकलाई धन्यवाद दिनुभयो ।

मैदानको हरेक पाइलामा आफ्नो देशको प्रतिनिधित्व गरेकोमा खुसी व्यक्त गर्दै उहाँले भन्नुभयो, "प्रकृतिको नियमअनुसार जन्मपछि मृत्यु अवश्यम्भावी छ । क्रिकेटमा पनि कुनै समय मैले कसैलाई 'रिप्लेस' गरेको थिएँ होला, यो मेरो समय हो । त्यसैले मैले आज मेरो अन्तर्राष्ट्रिय क्रिकेट यात्रामा बिराम लगाएर एउटा फरक तरिकाले नयाँ सुरुआत गर्ने निर्णय गरेको छु । इमान्दारीका साथ भन्नु पर्दा अहिले मेरो मन मुटु भारी भइरहेको छ । जुन खेलले मलाई यहाँ सबैमाझ चिनाउन सफल भयो, मान प्रतिष्ठा दियो, सोही खेलबाट बिदा लिन पक्कै सजिलो छैन ।" मल्लले विसं २०७६ कात्तिकदेखि कप्तानीको भूमिका निर्वाह गर्नुभएको थियो । उहाँलाई नेपाल क्रिकेट संघ (क्यान) ले २०७८ मङ्सिर २९ मा कप्तानी पदबाट हटाएको थियो । कप्तानबाट हटेको करिब दुई वर्षसम्म उहाँले राष्ट्रिय टिमबाट खेल्नुभयो । पछिल्लोपटक सन् २०२३ को जुलाईमा जिम्बावेमा भएको आइसिसी एकदिवसीय विश्वकप छनोटअन्तर्गत आयरल्याण्डविरुद्धको खेल उहाँको खेल जीवनको अन्तिम खेल बन्यो । यसैगरी उहाँ सन् २००५ मा नेपालको यू-१५ टोलीमा छनोट हुनुभएको थियो ।

सोही वर्ष उहाँ नेपालको यू-१७ र यू-१९ टोलीमा समावेश हुनुभएको थियो । मल्लले एकै वर्ष नेपालको तीन वटा उमेर समूह (यू-१५, यू-१७ र यू-१९)सहित राष्ट्रिय टिममा परेर कीर्तिमान बनाउनुभएको थियो । सिनियर राष्ट्रिय टिममा भने उहाँले सन् २००६ बाट डेब्यू गर्नुभएको हो । उहाँले राष्ट्रिय टिमबाट ३७ एकदिवसीय खेलमा ८७६ रन बनाउनुभएको छ ।

# बजार अनुगमनका लागि जनशक्ति पर्याप्त भएन : वाणिज्य विभाग

रासस
काठमाडौं, १९ साउन

बजार अनुगमनका लागि कर्मचारी अभाव भएको गुनासो वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको छ । विभागमा आज आयोजित भेटघाटका क्रममा महानिर्देशक गजेन्द्रकुमार ठाकुरले विभागको दैनिक कार्य सञ्चालनकै लागि कर्मचारी अभाव रहेको र बजार अनुगमनमा खटिने कर्मचारीको पनि अभाव छ", उहाँले भन्नुभयो, "अब चाँडबाड नजिकिँदै गर्दा बजार अनुगमनमा कामसमेत प्रभावकारी हुन नसकेको बताउनुभयो ।

"विभागका कार्यालयभित्रकै काम गर्नका लागि पर्याप्त कर्मचारी छैनन् । सूचना प्रविधि (आइटी) शाखामा अहिले कर्मचारी नै छैनन् । बजार अनुगमनमा खटिने कर्मचारीको पनि अभाव छ", उहाँले भन्नुभयो, "अब चाँडबाड नजिकिँदै गर्दा बजार अनुगमन बढाउनुपर्ने भएकाले हामीले कम्तीमा एक जना उपसचिव र १० जना शाखा अधिकृतसहितको टोली माग गरेका छौँ ।" त्यस्तै अहिले स्थानीय तहलाई नै बजार अनुगमनको अधिकार भएकाले सम्बन्धित क्षेत्रभित्र पालिकाबाटै बजार अनुगमन हुनु जरुरी रहेको उहाँको भनाइ छ । विभागले आजै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाउँदै सबै स्थानीय तहलाई बजार अनुगमनका काममा गम्भीर हुन भनेको छ । पछिल्लो समय चामलमा भइरहेको मूल्यवृद्धिबारे स्थानीय तहले अनुगमन बढाउन आवश्यक रहेको विभागको भनाइ छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# त्रिविले स्नातक तहको प्रश्नपत्र अङ्ग्रेजी र नेपाली दुवैमा सोध्ने तयारी

रासस
काठमाडौं, १९ साउन

त्रिभुवन विश्वविद्यालयले स्नातक तहको प्रश्नपत्र अङ्ग्रेजी र नेपाली दुवै भाषामा सोध्ने गरी तयारी गरेको छ ।

परीक्षामा प्रश्नपत्र अङ्ग्रेजी माध्यममा सोधिने र अधिकांश क्याम्पसमा नेपाली माध्यमबाट पढाइ हुने हुँदा विद्यार्थीलाई सहज नभएको आवाज उठेपछि विश्वविद्यालयले सोको तयारी गरेको उपकुलपति डा धर्मकान्त बाँसकोटाले बताउनुभयो ।

"उक्त तहमा आगामी शैक्षिक सत्रदेखि दुवै भाषामा प्रश्नपत्र बनाउने गर्ने सोच बनाएका छौँ, यसबारे अध्ययन गरिरहेका छौँ तर नेपालीका साथै मातृभाषामा पनि प्रश्न सोध्नुपर्छ भन्ने सवाल आएमा कसरी समाधान गर्ने भन्ने हाम्रो सरोकारको विषय बन्नेछ", उपकुलपति डा बाँसकोटाले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै भन्नुभयो, "अन्तर्राष्ट्रिय मान्यताअनुसार अङ्ग्रेजी भाषामा प्रश्न बनाउनै पर्ने हुन्छ, त्यसमा नेपाली भाषा थप्न सकिन्छ तर हरेक मातृभाषा पिच्छे प्रश्न सोध्न सकिँदैन ।" मुलुकका एक सय २३ मातृभाषा बोलिन्छन् । हाल तीन लाख ४७ हजार दुई सय ६९ विद्यार्थी रहेको मुलुकको ठूलो उक्त विश्वविद्यालयमा एक हजार एक सय २४ सम्बन्धनप्राप्त र ६२ आङ्गिक क्याम्पस छन् ।

# दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या

पोखरापत्र संवाददाता
दमौली, १९ साउन

विसं २०७८ फागुन २७ गते स्थापना भएको यातायात व्यवस्था कार्यालय तनहुँमा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या भएको छ ।

बन्दीपुर गाउँपालिका-४ विमलनगरमा सञ्चालनमा रहेको कार्यालयमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नहुँदा सेवा प्रवाहमा समस्या भएको हो ।

दरबन्दीअनुसारका कर्मचारको अभाव र करारका कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्नुपर्दा समस्या हुने गरेको कार्यालयका निमित्त प्रमुख कुशल सुवेदीले बताउनुभयो । सुवेदीका अनुसार दरबन्दीअनुसारको कर्मचारी अभावमा कार्यालय सहयोगीलाई राजस्वको जिम्मा दिइएको छ । उहाँले भन्नुभयो, "ट्रायल, लिखित परीक्षा र कार्यालयको कामकाज सञ्चालन पनि उत्तिकै गाह्रो भइरहेको छ ।" कार्यालयले आव २०७९/८० मा रु १८ करोड ७५ लाख ६४ हजार सात सय १७ राजस्व सङ्कलन गरेको छ । आव २०७८/७९ मा कार्यालयले रु १३ करोड ८४ लाख २१ हजार तीन सय ५६ राजस्व सङ्कलन गरेको थियो । आव २०७९/८० मा सवारी चालक अनुमतिपत्रको ट्रायल सुरु गरिएपछि राजस्व केही बढेको हो । पन्ध्र स्थायी र दुई अस्थायी गरी १७ जनाको दरबन्दी रहेकामा कार्यालयमा पाँच स्थायी र छ करार गरी ११ कर्मचारी कार्यरत छन् । कार्यालयमा राजपत्राङ्कित तृतीय एक, अधिकृतस्तर छैटौं दुई, सहायकस्तर पाँचौं एक, सहायक पाँचौं (करार) तीन, कार्यालय सहयोगी एक, हलुका सवारी चालक एक तथा श्रेणीविहीन र ज्यालादारीमा एक/एक कर्मचारी छन् ।

कार्यालयले विसं २०७९ कात्तिकबाट सवारी चालक अनुमतिपत्रको ट्रायल जिल्लाबाटै सुरु गरेको थियो । त्यसअघि ट्रायलका लागि पोखरा जानुपर्थ्यो । जिल्लाबाटै ट्रायल सेवा सुरुभएपछि सेवाग्राहीलाई सहज भएको छ ।

कार्यालयले सोही वर्षको साउन १५ गतेदेखि सवारी चालक अनुमति पत्र (लाइसेन्स) नवीकरण सुरु गरेको थियो । कार्यालयमा सवारी साधन दर्तासमेत हुन्छ । यसले गर्दा तनहुँ मात्र नभई गोरखा, लमजुङका सर्वसाधारणलाई पनि सहज भइरहेको छ । विसं २०७१ देखि यातायात व्यवस्था सेवा कार्यालयका रूपमा काम गर्दै आइरहेको कार्यालय विसं २०७८ फागुन २७ गते यातायात व्यवस्था कार्यालयको रूपमा स्थापना भएको हो । सेवा कार्यालयको रूपमा रहँदा सवारी साधन कर सङ्कलन, बाटो इजाजतपत्र, जाँचपाससम्बन्धी काम गर्दै आएको कार्यालयले हाल सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण र सवारी साधन दर्ता तथा नामसारी सेवा दिँदै आएको छ ।

# अवरुद्ध सालझण्डी-ढोरपाटन सडक सञ्चालन

पोखरापत्र संवाददाता
ढोरपाटन, १९ साउन

अविरल वर्षाका कारण अवरुद्ध भएको सालझण्डी-ढोरपाटन सडक २३ घण्टापछि सञ्चालनमा आएको छ ।

बिहीबार दिउँसोदेखि अवरुद्ध भएको उक्त सडक २३ घण्टापछि आज सञ्चालनमा आएको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले जानकारी दिनुभयो ।

राष्ट्रिय प्राथमिकताको आयोजनाको बुर्तिबाङ-ढोरपाटन सडक खण्डअन्तर्गत ढोरपाटन नगरपालिका-५ र ६ को सिमानामा पर्ने दोगाडी पुलमा माथिबाट पहिरा खसेर सडक अवरुद्ध भएको थियो । सडक अवरुद्ध बनेपछि ढोरपाटन, बोबाङ, फल्लेघरलगाएका ठाउँबाट बुर्तिबाङ, पोखरा काठमाडौँ, बुटवल जाने सवारी साधन अलपत्र परेका थिए ।


सडक सञ्चालनमा आएसँगै बाटोमा रोकिएका सबै सवारी साधन गन्तव्यतिर लागेका उपप्रमुख कायतले बताउनुभयो । बिहीबार नै सडक खुलाउने प्रयास गरे पनि अविरल वर्षासँगै आएको ठूलो पहिराका कारण खुलाउन नसकिएको उहाँको भनाइ थियो ।

शुक्रबार बिहानैदेखि डोजर लगाएर सडक खुलाउने प्रयास गरिएको भन्दै दिउँसोदेखि नियमित सञ्चालन भइरहेको उपप्रमुख कायतले जानकारी दिनुभयो । 'हिजो वर्षाले गर्दा खुलाउन सकिएन, पहिरो पनि निकै ठूलो खसेको थियो, आज पनि बिहानैदेखि डोजर लगाएर काम गर्यौं, अहिले सडक खुलेको छ', उहाँले भन्नुभयो, 'अहिले बाटो खुलेर यातायातका साधन सञ्चालन भइरहेका छन् ।'

# पातले छाँगोको व्यवस्थापनमा महानगरको चासो

-ऋषिराम बराल
लेखनाथ, १९ साउन (रासस)

पर्यटकीय नगरी पोखराको 'डेभिज फल्स'ले परिचित पातले छाँगो पोखरा पुग्ने अधिकांश पर्यटकका लागि 'बकेट लिस्ट'को गन्तव्य हो । फेवाताल पुग्ने आन्तरिक तथा बाह्य पर्यटकमध्ये त्यहाँ नपुग्ने सायदै हुन्छन् ।



पोखरा- १७ मा अवस्थित पातले छाँगो पर्यटकका लागि पर्यटकीय गन्तव्य मात्रै भए पनि यो त्यतिमा मात्रै सीमित छैन । पर्यटकबाट हुने मुख्य आम्दानी यसको संरक्षण र विकासका साथै छोरेपाटन माध्यमिक विद्यालय सञ्चालनमा खर्च हुने गरेको छ ।

पातले छाँगाको कुल आम्दानीमध्ये ४० प्रतिशत व्यवस्थापनका लागि खर्च हुने गरेको छ भने बाँकी ६० प्रतिशत विद्यालयका शिक्षकको तलब, शैक्षिक तथा भौतिक विकासका लागि खर्च हुने गरेको छोरेपाटन मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वद्रीनाथ पहारीको भनाइ छ ।

पातले छाँगामा प्रवेश शुल्कबाट हाल मासिक रु २५ लाख विद्यालयमा निजी स्रोतबाट नियुक्त भएका शिक्षक र कर्मचारीमा खर्च हुने गरेको छ । विद्यालयका प्रधानाध्यापक डिल्लीराम भुसालका अनुसार एक सय १२ शिक्षक तथा कर्मचारी रहेको विद्यालयमा ३० जना शिक्षक मात्रै सरकारी दरबन्दीका छन् । बाँकी सबै ७० शिक्षक तथा कर्मचारी निजी स्रोतबाट राखिएको छ । जसको खर्च पातले छाँगाको आम्दानीबाट हुँदै आएको छ ।

भुसालका अनुसार पातले छाँगामा प्रवेश शुल्कवापत वार्षिक रु तीन करोडभन्दा बढी सङ्कलन हुन्छ भने सटर भाडावापत वार्षिक रु एक करोड ५० लाख आम्दानी हुने गरेको छ । विद्यालयका शिक्षक तथा कर्मचारीलाई तलब खुवाएपछि बचत भएको रकम छाँगाको संरक्षण तथा सम्बर्द्धनका लागि विकासमा खर्च हुने गरेको छोरेपाटन मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वद्रीनाथ पहारीको भनाइ छ ।

विसं २०३५ देखि उक्त सामुदायिक विद्यालयले पाताले छाँगो अवलोकन गर्ने पर्यटकबाट प्रवेश शुल्क उठाउँदै आएको छ । "विद्यालयमा दुई हजार तीन सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्", अध्यक्ष पहारीले भन्नुभयो, "जसमध्ये उच्च माविमा करिब पाँच सय विद्यार्थी छन् ।" यहाँ कक्षा १ देखि ८ सम्म निःशुल्क अध्यापन हुन्छ भने कक्षा ९ र १० का लागि मासिक रु एक सय लिने गरिएको अध्यक्ष पहारीले जानकारी दिनुभयो । गएको ४० वर्षदेखि यसैगरी विद्यालयको व्यवस्थापनमा सघाउँदै आएको पातले छाँगाको आम्दानीमा अहिले आएर पोखरा महानरपालिकाको आँखा लागेको छ । "महानगरले आफ्नो मातहतमा ल्याएर निजी क्षेत्रलाई पातले छाँगो ठेक्का दिने योजना बनाएकाले विद्यालय व्यवस्थापनलाई पातले छाँगाको व्यवस्थापन छाड्न दबाब दिँदै आएको छ", अध्यक्ष पहारीले भन्नुभयो ।

कूल १२ रोपनी क्षेत्रफलमा फैलिएको यस पर्यटकीयस्थलमा आन्तरिकका साथै भारतीय र चिनियाँ पर्यटकको अत्यधिक चाप हुने गरेको पातले छाँगामा टिकट काउन्टरका प्रमुख सुरेन्द्र सापकोटाले बताउनुभयो । उहाँका अनुसार असोज र कात्तिकमा पर्यटकको चाप बढी हुन्छ । यहाँ पर्यटकका लागि विद्यार्थीका लागि छुटसहित रु २०, नेपाली नागरिकका लागि रु ४०, भारतीयलाई रु ८० र तेस्रो मुलुकका नागरिकलाई एक सय प्रवेश शुल्क लिने गरिएको छ । पोखरा -१७ छोरेपाटनस्थित पातले छाँगोले वर्षादको समयमा पर्यटकलाई भनै लोभ्याउने गर्छ । जमिनको सतहभन्दा तल अर्को पर्यटकीय स्थल गुप्तेश्वर गुफातर्फ भर्ने यो छाँगोलाई गुफाको भित्री भागबाट समेत देख्न सकिन्छ ।

हिमाली दृश्य, गुफा, तालतलैया, सांस्कृतिक र प्राकृतिक सम्पदाले पोखरा स्वदेशी तथा विदेशी पर्यटकका लागि आकर्षक गन्तव्य हो । पातले छाँगो र गुप्तेश्वर गुफा नजिकै पुम्दीमा शान्ति स्तुप र हालै ठूलो आकारको शिव मूर्ति निर्माणसँगै त्यस क्षेत्रमा पुग्ने पर्यटक पनि यहाँ आउने गरेका छन् । कोरोना महामारीपछि छाँगो अवलोकन गर्नेको सङ्ख्या उल्लेख्य मात्रामा वृद्धि भएको जानकारी पातले छाँगो स्थित टिकट काउन्टरका कर्मचारी रेशम खड्काले दिनुभयो । यतिबेला छाँगो अवलोकन गर्न आउने नेपाली र भारतीय पर्यटक बढी हुने गरेको उहाँको भनाइ छ ।

डेभी नाम गरेकी एक स्वीस पर्यटक सन् १९६१ मा यस छाँगोबाट खसेर बेपत्ता भएपछि उनको नाममा यसको नाम 'डेभिज फल्स' रहन गएको हो । पाँच सय मिटर भूमिगत जल प्रवाह र एक सय फिट गहिराइ रहेको छाँगोमा निरन्तर जल प्रवाह भइरहन्छ । विशेष गरी जेठदेखि असोज महिनासम्म छाँगो हेर्न आकर्षक मानिन्छ । छाँगो वरपरका फूलका बगैँचा, परम्परागत घर, हिमालका कृत्रिम दृश्य, बुद्धका मूर्ति र विभिन्न जनजातिका पोषाकसहितका तस्बिर खिच्ने ठाउँहरूले पनि पर्यटकलाई लोभ्याउने गरेको छ ।

# गाउँघरबाट लोप हुँदै पानीघट्ट

पोखरापत्र संवाददाता
कास्की, १९ साउन

कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ सिदिङकी देउकुमारी तामाङलाई पानीघट्टमा पिसेको पिठोको ढिँडो खान औधी मन पर्छ । घरमा खानका लागि उहाँले कोदोको पिठो सधैँ घट्टमै पिस्नुहुन्छ । उहाँ मात्र नभएर सिदिङ गाउँका अधिकांश कोदो पिसाउन घट्टमै धाउनुहुन्छ । पछिल्लो समयमा पानी नपुग्ने तथा भएका घट्टको संरक्षण नहुँदा देउकुमारी चिन्तामा हुनुहुन्छ ।

आफूले थाहा पाउने समयमा गाउँमै तीन घट्ट भएकामा अहिले एउटा मात्र चालु अवस्थामा रहेको उहाँले सम्भन्नुभयो । "पहिले गाउँले सबैले घट्ट प्रयोग गर्थे । अहिले मिल आएको छ । त्यसले गर्दा यसको महत्व घट्दै गएको छ", देउकुमारीले भन्नुभयो, "हाम्रै गाउँमा पनि तीन घट्ट थियो । अहिले एउटा भत्किसक्यो । अर्को चल्दैन । अब एउटा बाँकी छ । यो पनि कहिलेबाट नचल्ने हुन्छ ।"

सिदिङकी सरस्वती अधिकारीको परिवारले अभैसम्म पानीघट्ट सञ्चालन गर्नुभएको छ । परिवारको प्रमुख आयस्रोत पानीघट्टबाट हुने आम्दानी रहेको उहाँले बताउनुभयो । "गाउँमा जग्गा/जमिन धेरै हुनेले खेती गर्छन्, हामीले घट्ट चलाउँछौँ", अधिकारीले भन्नुभयो, "प्रतिपाथी पिसेको अन्नको ज्यालाबापत तीन पाथीको दुई माना अन्न राख्छौँ, यसैबाट हाम्रो परिवार धानेका छौँ ।"

परम्परागतरूपमा अन्न पिसानीका लागि घट्ट, जाँतो, ओखल तथा ढिकी प्रयोग हुने गर्थ्यो । पुर्खाले प्रयोग गरेको पानीघट्टले पिसेको पिठो स्वादिलो हुने र पौष्टिक तत्व खेर नजाने भएकाले आफूहरूले पनि यसलाई निरन्तरता दिएको उहाँको भनाइ थियो । प्रविधिको विकाससँगै बिजुलीबाट चल्ने मिलमा पिस्न छिटो हुने भएकाले पानीघट्टप्रतिको आकर्षण घटेको उहाँले बताउनुभयो । विकास र प्रविधिको पहुँचसँगै संरक्षणमा चासो नदिँदा कास्कीका ग्रामीण भेगबाट रैथाने सीप र प्रविधिको प्रयोग गरी निर्माण गरिएका पानीघट्ट लोप हुने अवस्थामा पुगेका छन् । कतिपय ग्रामिण भेगमा घट्ट लोप भइसकेको बताउँदै घट्ट सञ्चालिका अधिकारीले यसको संरक्षणका लागि सरकारी पक्षबाट योजना बनाउनुपर्नेमा जोड दिनुभयो ।

पछिल्लो समय आफूले आयस्रोतका लागि भन्दा पनि रैथाने सीप र प्रविधि जगेर्ना गर्ने उद्देश्यले घट्ट चलाइरहेको उहाँले बताउनुभयो । यो सञ्चालनका क्रममा धेरै समस्या भोग्नुपरेकाले यसको संरक्षण गरी निरन्तरताका लागि सरकारले सहयोग गरिदिए आभारी हुने उहाँको भनाइ थियो । "हाम्रो गाउँमा भएका तीन घट्टमध्ये अहिले हामीले मात्र चलाएका छौँ । यसमा पनि कहिले पानी पुग्दैन । काठको मदानी छ बेलाबेलामा भाँच्चिन्छ", अधिकारीले भन्नुभयो, "पानीका लागि पाइप अनि फलामको मदानी पाइन्छ कि भनेर वडामा भनेका छौँ । फलामको मदानी किन्न अनुदान पाइन्छ कि भन्ने आशा छ तर अहिलेसम्म पाएका छैनौँ ।" अघिल्लो जनप्रतिनिधिका समयमा अनुदानका लागि वडामा गएको भन्दै पनि नयाँ जनप्रतिनिधि आएपछि नगएको उहाँले सुनाउनुभयो । पानीघट्ट भावी पुस्ताको जानकारीका लागि पनि संरक्षण गर्नु आवश्यक रहेको माछापुच्छ्रे गाउँपालिका-९ का वडाध्यक्ष हरिबहादुर अधिकारीले बताउनुभयो । उहाँले घट्ट सञ्चालकलाई आवश्यक अनुदानको व्यवस्था गरेर रैथाने सीपको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । वडाभित्र रहेका घट्ट सञ्चालनका लागि पानीको स्रोत सुनिश्चितता गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

वडाले फलामको मदानी दिने योजना बनाइरहेको भन्दै पानीको स्रोत, फलामको मदानीलगायत आवश्यक सामग्रीका लागि सहयोग गरिने वडाध्यक्ष अधिकारीले बताउनुभयो । "हाम्रो वडामा भएका तीन वटै घट्ट सञ्चालनमा ल्याउनका लागि पानीको सुनिश्चितता गर्ने योजना बनाएका छौँ", उहाँले भन्नुभयो, "हिउँदमा पनि चलाउन सकुन् भनेर पानीका लागि पाइपको व्यवस्था गर्ने तयारी भइरहेको छ ।"

# खानेपानीमा अत्यधिक 'कोलीफर्म'

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ साउन

स्याङ्जाका सबै स्थानीय तहमा खानेपानीमा 'कोलीफर्म' भेटिएको छ । जिल्लाका सबै स्थानीय तहमा खानेपानीका मुहानबाट पानीको नमूना सङ्कलन गरेर परीक्षण गर्दा दिसामा देखिने जीवाणु 'कोलीफर्म' अध्यधिक मात्रामा भेटिएको हो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख वसुन्धारा शर्माका अनुसार जिल्लाका ११ स्थानीय तहबाट खानेपानीका ९४ नमूना सङ्कलन गरी परीक्षण गरिएको थियो । परीक्षण गरिएकामध्ये ४१ वटामा 'कोलीफर्म' भेटिएको हो । कार्यालयले पुतलीबजार र कालीगण्डकीमा १६-१६, भिरकोटमा १३, चापाकोट, वालिङ, आँधीखोलामा आठ-आठ, बिरुवा र गल्याङमा छ-छ, अर्जुनचौपारीमा पाँचँ, फेदीखोला र हरिनासमा चार-चार खानेपानीका नमूना सङ्कलन गरी परीक्षण गरेको थियो ।

"मुहान, ट्याङ्की, धारा र घरबाट पानीको नमूना सङ्कलन गरेर परीक्षण गर्दा दिसामा हुने कोलीफर्मको कीटाणु अत्यधिक मात्रा पाइएको छ", प्रमुख शर्माले भन्नुभयो, "सार्वजनिक, व्यक्तिगत र संस्थागत धाराबाट समेत पानीका नमूना परीक्षण गरिएका थिए ।" सबैभन्दा बढी बिरुवा गाउँपालिकामा ६६ दशमलव छ प्रतिशत र सबैभन्दा कम पुतलीबजार नगरपालिकामा ३१ दशमलव २५ प्रतिशत कोलीफर्म भेटिएको छ । चापाकोट नगरपालिकामा ६२ दशमलव छ, फेदीखोला र हरिनास गाउँपालिकामा ५० दशमलवग ५०, भिरकोट नगरपालिकामा ४६ दशमलव एक, अर्जुनचौपारी गाउँपालिकामा ४० प्रतिशत कोलीफर्म भेटिएको प्रमुख शर्माले बताउनुभयो । यस्तै गल्याङ नगरपालिकामा ३८ र वालिङ नगरपालिका, आँधीखोला र कालीगण्डकी गाउँपालिकामा ३७ दशमलव पाँच प्रतिशत कोलीफर्मका कीटाणु भेटिएका थिए । प्रमुख शर्माले गत वर्षको तुलनामा यस वर्ष पानीको शुद्धतामा केही प्रतिशत वृद्धि भएको बताउनुभयो । उहाँले पानीको शुद्धता बढे पनि अत्यधिक कोलीफर्म भेटिनु सुखद् नतिजा नभएको उल्लेख गर्नुभयो ।

गत आर्थिक वर्षमा जिल्लाका सबै पालिकाबाट खानेपानीको ५२ नमूना परीक्षण गरिएकामा ५२ प्रतिशत कोलीफर्म भेटिएको थियो । कोलीफर्मयुक्त पानी सेवनले भाडापखाला, टाइफाइडजस्ता सरुवा रोग लाग्नुका साथै मिर्गौलालाई पनि असर गर्छ ।

# तनहुँमा नौ पक्की पुल निर्माण सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, १९ साउन

आर्थिक वर्ष २०७९/८० र ०८०/०८१ मा तनहुँमा नौ पक्की पुल निर्माण सम्पन्न भएका छन् । कूल पन्ध्र निर्माणाधीन पुलमध्ये नौ पुलको निर्माण सम्पन्न भएका हुन् ।

पूर्वाधार विकास कार्यालय तनहुँकी सूचना अधिकारी इन्जिनियर धनमाया मिश्रले निर्माणाधीन तीन पुल यस चालु आर्थिक वर्षमा क्रमागतरूपमा सरिआएको छ । जिल्लाको घिरिङ-४ मा तिरम्दी खोला पुल रु तीन करोड चौबिस लाखको लागतमा निर्माण सम्पन्न गरिएको छ । यसको लम्बाइ २५ मिटर रहेको छ । त्यसैगरी, ऋषिङको वडा नं ४ र ५ जोड्ने ज्वाला खोलामा २५ मिटर लम्बाइको पुल निर्माण सम्पन्न भएको छ । यसको लागत रु तीन करोड २१ लाख रहेको छ । घिरिङ-१ को द्यौपद खोलामा २० मिटर लम्बाइको पुल रु तीन करोड २४ लाखको लागतमा सम्पन्न भएको छ । त्यसैगरी शुक्लागण्डकी-११ र भीमाद-९ जोड्ने जरेबरमा ३२ दशमलव ४ लम्बाइको पुल निर्माण सम्पन्न भएको छ । रु तीन करोड ४३ लाखको लागतमा उक्त पुल निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालयका प्रमुख दिनेशकुमार घिमिरेलेजानकारीदिनुभयो।यसैगरी शुक्लागण्डकी-११ र भीमाद-८ जोड्ने क्याड्दी खोलामा ७४ दशमलव ५५ मिटर लामो पुल निर्माण सम्पन्न भएको छ । रु नौ करोड ३९ लाखको लागतमा उक्त पुल निर्माण सम्पन्न गरेको हो । व्यास नगरपालिका-८ स्थित रिस्ती खोला पुल बगुवामा ५२ मिटरको पुल रु चार करोड दुई लाख र सोही वडाको रिस्ती खोला पुल सोतीबेँसीमा ४० मिटर लम्बाइको रु चार करोड ३७ लाखको लागतमा निर्माण सम्पन्न गरेको छ । त्यसैगरी भीमाद-५ र ऋषिङ-८ जोड्ने फेदीखोलामा २५ मिटर लम्बाइको पुल रु तीन करोड ४६ लाखको लागतमा पुल निर्माण कार्य सम्पन्न भएको छ । जिल्लाको भीमाद-३ स्थित बुढुवा खोलामा १९ दशमलव आठ मिटर लम्बाइको पुल रु दुई करोड चार लाखको लागतमा सम्पन्न भएको सो कार्यालयले जनाएको छ ।

# आँखा पाक्ने समस्या देखिएपछि दुई दिन विद्यालय बन्द

रासस
चितवन, १९ साउन

विद्यालयमा आउने बालबालिकामा आँखा पाक्ने समस्या बढ्दै गएपछि खैरहनी नगरपालिकाका विद्यालयहरू दुई दिनका लागि बन्द गरिएको छ । पालिकाभित्र रहेका विद्यालय तथा क्याम्पस साउन २१ र २२ गते दुई दिनका लागि बन्द गरिएको हो ।

नगर शिक्षा अधिकारी राजु बानियाले विद्यालय आउने विद्यार्थीमध्ये ४० प्रतिशतमा आँखा पाक्ने समस्या देखिएपछि विद्यालय बन्द गरिएको जानकारी दिनुभयो ।

सामुदायिक विद्यालयमा परीक्षा सकिएर वर्षे बिदा भएकाले संस्थागत विद्यालय र क्याम्पसहरू बन्द गरिएको उहाँले बताउनुभयो ।

बानियाका अनुसार अहिलेको बिदा विद्यालयले हिउँदे र वर्षे बिदाबाट कट्टा हुने गरी गरिएको मिलान गर्नुपर्नेछ । यस पालिकामा सामुदायिक विद्यालय २७, संस्थागत विद्यालय २२ र कलेज चार रहेका छन् । यहाँ १७ हजार पाँच सय विद्यार्थी अध्ययन गर्दै आएका छन् । मौसममा आएको परिवर्तनसँगै 'एडिनो भाइरस कन्जङ्टिवाइटिस'का कारण बालबालिकामा आँखा पाक्ने समस्या देखिएको नगर स्वास्थ्य अधिकारी निर्मल घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार यो सङ्क्रमण पाँचदेखि सात दिनमा निको हुन्छ ।

यसबाट बच्चका लागि आँखाका बिरामीको संसर्गमा नआउने, कालो चस्मा लगाउने, आँखा परीक्षण गरी औषधिको प्रयोग गर्ने, सफा पानीले नियमित आँखा सफा गर्ने, नियमित साबुनपानीले हात धुने, तौलिया, रुमाल, लत्ताकपडा तथा शृङ्गारका सामानहरू साझा रूपमा प्रयोग नगर्ने घिमिरेले बताउनुभयो ।

# वृद्धद्वारा नेत्रहीन संघलाई जग्गादान

पोखरापत्र संवाददाता
तनहुँ, १९ साउन

तनहुँको व्यास नगरपालिका-५ पाटनका केबी गुरुङले तनहुँ नेत्रहीन सङ्घलाई जग्गादान गर्नुभएको छ । नब्बे वर्षीय गुरुङले करिब रु २५ लाख मूल्यको चार आना दुई दाम जग्गा उपलब्ध गराउनुभएको हो । सङ्घलाई एक वर्षअघि नै जग्गादान गर्न चाहे पनि अस्वास्थ्य भएका कारण ढिला भएको उहाँले बताउनुभयो । व्यास-५ पाटनका गुरुङ कृषि अधिकृत पदको जागिर छाडेर बागवानी विकासमा लाग्नुभएको छ । आठ वर्षसम्म अधिकृत पदमा काम गर्नुभएका उहाँले जागिर छाडेर आफ्नै बागवानी कृषि फार्म सञ्चालन गर्नुभएको छ । करिब एक सय रोपनी क्षेत्रफलमा गुरुङले आँप, लिची, सुन्तला, एभोकाडोलगायत फलफूलखेती गर्दै आउनुभएको छ । उहाँ मिर्गौला रोगबाट पीडित हुनुहुन्छ ।

जग्गा प्राप्त भएपछि नियमित कार्यालय सञ्चालन र तालिम केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको सङ्घका संस्थापक अध्यक्ष कृष्णप्रसाद अधिकारीले जानकारी दिनुभयो । "तीनवटै सरकार तथा अन्यबाट आर्थिक स्रोत जुटाएर भवन निर्माणको योजना छ", उहाँले भन्नुभयो । हाल तनहुँ नेत्रहीन सङ्घमा ७० जना आबद्ध छन् ।


## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२०

नेपाल एसबिआई बैंकको पोखरा शाखा कार्यालय, न्युरोड अन्तर्गत प्रयोगमा नरहेको केही उपकरण लगायतका सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । लिलाम बिक्रीमा रहेका उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति, संघ संस्था वा फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयभित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको शाखा कार्यालय, पोखरामा सम्पर्क गरी गोप्य शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ । लिलाम बिक्री गरिने सम्पत्ति हेर्न तथा बिस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको शाखा कार्यालय, पोखरा कार्यालय समयभित्र शाखा प्रबन्धकलाई सम्पर्क राख्न सक्नुहुनेछ । प्राप्त प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा परेका प्रस्ताव उपर पुनः नेगोशिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ । प्राप्त बोलपत्र मिति २०८०/०४/२८ मा ४ बजे बैंकको शाखा कार्यालय, पोखरामा बोलपत्र दाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्रहरु खोलिनेछ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

शाखा कार्यालय, पोखरा
सम्पर्कः ०६१ - ५५३८७५/७६